**UNITED NATIONS**
**OFFICE OF THE HIGH COMMISSIONER**
**FOR HUMAN RIGHTS IN NEPAL**

**Press Release - 15 February 2010**

## उच्चायुक्तको कार्यालय-नेपालद्वारा सम्पादक तथा प्रकाशकहरूमाथि भएका धम्कीको भर्त्सना

३ फाल्गुण, काठमाडौं

संयुक्त राष्ट्रसंघ मानवअधिकार उच्चायुक्तको कार्यालय-नेपाल, काठमाडौंमा हालै भएको संचारउद्यमी जमिम शाहको हत्याको बारेमा समाचार संप्रेषणका क्रममा सम्पादक तथा प्रकाशकहरूमाथि भएका धम्कीप्रति गम्भीररूपमा चिन्तित भएको छ। मानव अधिकारको सम्मान गर्ने र कानूनी शासन तथा राम्रो सार्वजनिक सुरक्षा संगसंगै उन्नती गर्ने समाजका निम्ति निष्पक्ष तथा इमानदारीपूर्वक समाचार प्रकाशित गर्ने संचारमाध्यमको स्वतन्त्रतालगायत अभिव्यक्तिको स्वतंत्रता अत्यन्त महत्त्वपूर्ण छ।

"यी धम्कीहरूले संपूर्ण समुदायमा त्रास फैल्याएका छन् र यिनको भर्त्सना गरिन्छ।" उच्चायुक्तको कार्यालय-नेपालका प्रतिनिधि रिचर्ड बेनेटले भन्नुभयो। "दुर्भाग्यवश, संचारविरुद्ध हुने हिंसा नेपालमा दुर्लभ छैन र विषेशतः तराईमा कार्यरत पत्रकारहरू विरुद्ध यस्तो हिंसा प्रत्यक्ष देखिएको छ। राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मानवअधिकार संबन्धी कानूनहरूमा प्रत्याभूत अभिव्यक्तिको स्वतंत्रताको अधिकार पूर्ण उपभोगलाई सहज गराउने सुरक्षित वातावरणलाई सुनिश्चित गर्न राज्य अधिकारीहरूलाई म आग्रह गर्दछु।"

For further information contact Chun B. Gurung, Tel: 4280164, Ext. 320; 98510 16937 (mobile),
E-mail: cgurung@ohchr.org